# बैदेशिक रोजगार न्यायाधिकरण
## बबरमहल, काठमाण्डौ

प.सः- २०७७।०७८ मितिः-२०७७।०९।०५

च.नं. ११६३

शिलबन्दी दरभाउपत्र आहवानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०९।०५

यस न्यायाधीकरणको देहायको कार्य गोप्य शिलबन्दी दरभाउपत्रव्दारा गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नियमानुसार ईजाजत प्राप्त इच्छुक कम्पनी फर्म सप्लायर्स वा निर्माण व्यवसायीहरुले यस न्याधिकरणबाट उपलब्ध हुने दरभाउपत्र फारम भरि सोह्र दिन भित्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. न्यायाधिकरण परिसर भित्र रहेको टिनको छाना भएको पुरानो टहरालाइ मर्मत संभार गरी कार्यकक्षहरु वनाउने कार्यको स्पेसिफिकेशन एवं बिस्तृत विवरण दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

२. दरभाउपत्र फारम यस न्यायाधिकरणको लेखा शाखा बाट रु १,०००।- एक हजार मात्र (पछि फिर्ता नहुने गरी) बुझाई शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयभित्र खरिद गर्न पाईनेछ ।

३. दरभाउपत्र पेश गर्दा व्यवसाय दर्ताको इजाजतपत्र मु.अ.कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर( pan) आ.व.२०७६/२०७७ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरणको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

४. दरभाउपत्र दाताले यस सिलबन्दी दरभाउपत्रमा भाग लिन अयोग्य नभएको स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा उपलब्ध गराउनु पर्नेछ ।

५ पेश भएका दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्टवाट ४५ दिनको हुनेछ ।

६. दरभाउपत्रवालाले धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहलको १२०१२००-००१-००२-५२४ धरौटी खातामा जम्मा गरी रकम जम्मा गर्न पठाउने कार्यालयको नाम बैदेशिक रोजगार न्यायाधिकरण कार्यालय कोड ३७१००३५०२(२७-३७१-०९) उल्लेख गरेको, रकम जम्मा गर्नुको कारण वा विवरण र कम्पनी वा फर्मको नाम खोल्नुपर्ने छ । सक्कल भौचर वा सो रकम बरावरको वाणिज्य बैंकले जारी गरेको बिडवण्ड जमानत अनिवार्य रुपले पेश गर्नुपर्ने छ । दरभाउपत्र वुझाउने अन्तिम दिनवाट ७५ दिनभन्दा कम अवधिको वैंक ग्यारेन्टी संलग्न भएको दरभाउपत्र स्वतः रद्द हुनेछ । दरभाउ स्विकृत भएमा वोलकबोल रकमको ५% कार्य सम्पादन जमानत (नगद) दाखिला गरेको भौचर वा वैंक परफरमेन्स ग्यारेन्टी पेश गर्न पर्नेछ ।

७. दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले सोहौं दिनको ११:३० बजेसम्म बुझाई सक्नुपर्नेछ र प्राप्त दरभाउपत्रहरु सोही दिनको १:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस न्यायाधिकरणमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दरभाउपत्रहरु विना कारण आंशिक वा पुरा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा निहित रहने छ ।

८. रीत नपुगी म्याद नाघी वा कुनै सर्त राखी पेश हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन। दरभाउपत्र फाराममा उल्लेख गरिएका दरभाउमा अंक र अक्षरमा प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खुल्ने दिन विदा परेमा सो को भोलिपल्ट अन्तिम दिन वा खोल्ने दिन कायम हुनेछ ।

९. यो सूचना यस वैदेशिक रोजगार न्यायाधिकरणको वेभसाईट www.fet.gov.np मा पनि हेर्न र थप जानकारी लिनु परेमा न्यायाधिकरणमा सम्पर्क गरी बुझ्न सकिनेछ । यसमा लेखिए जतिको हकमा यसै बमोजिम र यसभन्दा बाहेकको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानुन बमोजिम हुनेछ ।

देहाय

| दरभाउपत्र सूचना नं. | गर्नु पर्ने कामको विवरण | लागत अनुमान (मु.अ.कर र कन्टेन्जेन्सीबाहेक) | न्यूनतम जमानत रु. |
|---|---|---|---|
| १/०७७/०७८ | वैदेशिक रोजगार न्यायाधिकरण ववरमहल परिसरभित्र रहेको टिनको छाना भएको पुरानो टहरालाई मर्मत संभार सुधार गरी कार्यकक्षहरु वनाउने कार्य | १५,३७,६१८/- | ४६,०००/- |

२०७८/०३/०५
रजिष्ट्रार